# सुनवल नगरपालिका विनियोजन विधेयक, २०७५

## सुनवल नगरपालिकाको आर्थिक बर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि स्थानीय तह सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५

**प्रस्तावना :**

सुनवल नगरपालिकाको आर्थिक बर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २३० बमोजिम सुनवल नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम " सुनवल नगरपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

क) "नगर सभा" भन्नाले सुनवल नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

ख) "कार्यपालिका" भन्नाले सुनवल नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) "वडा समिति" भन्नाले सुनवल नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

घ) "बिषयगत शाखा" भन्नाले सुनवल नगरपालिका अन्तर्गतको महाशाखा, शाखा, आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथा अन्य प्रशासनिक ईकाइ समेतलाई सम्झनु पर्दछ ।

ङ.) "संञ्चित कोष" भन्नाले सुनवल नगरपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ ।

**३. आर्थिक वर्ष २०७५/०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:**

(१) आर्थिक वर्ष २०७५/०७६ को निमित्त सुनवल नगरपालिका नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च गरी जम्मा **७८,७५,४७,०००।००** ***(अक्षेरुपी अठहत्तर करोड पचहत्तर लाख सतचालिस हजार मात्र)*** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ । साथै उक्त रकम वाहेक केन्द्र सरकार, प्रदेश सरकार र आन्तरिक श्रोतबाट थप प्राप्त हुने रकमलाई संचित कोषमा आम्दानी गर्न र वजेट रकमका साथ प्राप्त हुने शर्त तथा कार्यपालिकाले तोके बमोजिमका शीर्षकमा खर्च गर्न सकिने छ ।

४. ***विनियोजन :***

**(१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/०७६ को निमित्त सुनवल नगरपालिका नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा सुनवल नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तनी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकमा सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २३० बमोजिम

***संञ्चित कोषबाट विनियोजन हुने रकम***

| **क्र.सं.** | **शीर्षकको नाम** | **चालु खर्च** | **पूँजिगत खर्च** | **वित्तिय व्यवस्था** | **जम्मा** | **प्रतिशत** |
|---|---|---|---|---|---|---|
| **१** | **२** | **३** | **४** | **५** | **६** | **७** |
| १ | सुनवल नगरपालिका नगर कार्यपालिका | ३८३,०६४,०००.०० | ४५,०००,०००.०० | ०.०० | ४२८,०६४,०००.०० | ५४.३५ |
| २ | वडा समिति | ३,७४४,०००.०० | ०.०० | ०.०० | ३,७४४,०००.०० | ०.४८ |
| ३ | बिषयगत शाखा | ०.०० | ३५२,७३९,०००.०० | ०.०० | ३५२,७३९,०००.०० | ४४.७९ |
| ४ | ऋणको सावा व्याज भुक्तानी | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ५ | लगानी (शेयर/ऋण) | ०.०० | ३,०००,०००.०० | ०.०० | ३,०००,०००.०० | ०.३८ |
| | **जम्मा** | ३८६,८०८,०००.०० | ४००,७३९,०००.०० | ०.०० | ७८७,५४७,०००.०० | १००.०० |
| | **प्रतिशत** | ४९.१२ | ५०.८८ | ०.०० | १००.०० | |